आज मिति २०८१ साल माघ २४ गते विहिवारको दिन आमचोक गाउँपालिकाको अध्यक्ष श्री अशोक राईज्यूको अध्यक्षतामा वसेको गाउँ कार्यपालिकाको वैठक देहाय बमोजिम सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावहरु माथि छलफल र निर्णय गरी सञ्चालन गरियो ।

उपस्थिति

| सि.न. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री अशोक राई | [हस्ताक्षर] |
| २ | उपाध्यक्ष | श्री सीता राई | [हस्ताक्षर] |
| ३ | सदस्य | श्री निम्नुरी शेर्पा | [हस्ताक्षर] |
| ४ | सदस्य (कार्यवाहक वडा अध्यक्ष) | श्री दुर्गा वहादुर विष्ट | [हस्ताक्षर] |
| ५ | सदस्य | श्री गोपाल राई | — |
| ६ | सदस्य | श्री नेत्र बहादुर खत्री | [हस्ताक्षर] |
| ७ | सदस्य | श्री राम प्रसाद राई | [हस्ताक्षर] |
| ८ | सदस्य | श्री बम बहादुर बस्नेत | — |
| ९ | सदस्य | श्री नविन राई | — |
| १० | सदस्य | श्री सन्तोष राई | [हस्ताक्षर] |
| ११ | सदस्य (कार्यवाहक वडा अध्यक्ष) | श्री भीम वहादुर श्रेष्ठ | [हस्ताक्षर] |
| १२ | सदस्य | श्री बालदिप राई | [हस्ताक्षर] |
| १३ | सदस्य | श्री सुक माया राई | — |
| १४ | सदस्य | श्री शान्ति राई | — |
| १५ | सदस्य | श्री सुजता प्रधान | — |
| १६ | सदस्य | श्री भवानी विष्ट | [हस्ताक्षर] |
| १७ | सदस्य | श्री मञ्जु भुजेल | [हस्ताक्षर] |
| १८ | सदस्य | श्री गोविन्द परियार | [हस्ताक्षर] |
| १९ | सचिव | श्री धन कुमार राई | [हस्ताक्षर] |
| २० | प्रशासन शाखा प्रमुख | श्री राजेश राई | [हस्ताक्षर] |

[हस्ताक्षर] २०८१/१०/२४
प्रमुख प्रशासकीय अधिकृत

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बालुवा, भोजपुर २०७३

[हस्ताक्षर] ०८१/१०/२४
अशोक राई
अध्यक्ष

**प्रस्तावहरु**

१. पदमार्गमा आधारीत पर्यटन विकास आयोजनाको लागि रकम विनियोजन सम्वन्धमा
२. साना सिंचाई कार्यक्रमको लागि थप वजेट व्यवस्थापन सम्वन्धमा
३. जिविकोपार्जन सुधार कार्यक्रम सञ्चालन गर्नको लागि संस्था छनौट सम्वन्धमा
४. कफि खेति प्रवर्द्धन कार्यक्रम सञ्चालनको लागि संस्था छनौट सम्वन्धमा
५. आर्थिक आत्मानिर्भर कार्यक्रम सञ्चालन गर्नको लागि वडा छनौट सम्वन्धमा
६. चिया खेति कार्यक्रम र कफि खेति कार्यक्रम सञ्चालनको लागि संस्था छनौटको प्रकृया स्थगीत गर्ने सम्वन्धमा
७. सहकारी ऋण कोषको लागि सूचना प्रकाशन सम्वन्धमा
८. सडक मर्मतको रकम भुक्तानी सम्वन्धमा
९. गाउँपालिकाको संस्थागत क्षमता स्वमूल्याङ्कन (LIZA) स्वीकृत गरी सार्वजनिक गर्ने सम्वन्धमा
१०. स्थानीय तह वित्तिय सुशासन जोखिम मूल्याङ्कन (FRA) स्वीकृत गरी सार्वजनिक गर्ने सम्वन्धमा
११. जग्गा दाता सम्मान कार्यक्रम सम्वन्धमा
१२. मध्यकालिक खर्च संरचना तयारीको लागि नपुग रकम थप सम्वन्धमा
१३. ऐसेलु खोला पक्की पुलको श्रोत सुनिश्चितता लागि अनुरोध गरि पठाउने सम्वन्धमा
१४. ज्यालादारीमा कर्मचारी नियुक्ति सम्वन्धमा
१५. आर्थिक सहायता सम्वन्धमा

**निर्णयहरु**

**निर्णय नं.१**

प्रस्ताव नं. १ माथि छलफल भई संघीय सरकार,स्वीस सरकार,प्रदेश सरकार र गाउँपालिकाको साझेदारीमा सञ्चालन हुने पदमार्गमा आधारीत पर्यटन विकास आयोजना अन्तर्गत मुन्धुम पदमार्ग निर्माणको लागि तपशिल वमोजिम खर्च हुने गरी समपुरक कोषवाट रु.७,००,०००। (अक्षेरुपी सातलाख मात्र) रकम विनियोजन गर्ने ।

तपशिल

- सार्वजनिक निर्माण रु.६,६०,०००।(छलाख साठीहजार)
- प्रवर्द्धनात्मक कृयाकलाप रु.४०,०००।(चालिसहजार)

**निर्णय नं.२**

प्रस्ताव नं. २ माथि छलफल भई संघीय सरकार,स्वीस सरकार,प्रदेश सरकार र गाउँपालिकाको साझेदारीमा सञ्चालन भइरहेको साना सिंचाई कार्यक्रमको लागि गाउँपालिकाको २० प्रतिशत लागत साझेदारी भएकोमा खानेपानी,सिंचाई तथा उर्जा मन्त्रालय, प्रदेश सरकारको च.नं.७८१,मिति २०८१/०९/२४ को पत्र अनुसार विगत आर्थिक वर्षहरुमा गाउँपालिकाको तर्फवाट कम भुक्तानी भएको रकम रु.३,६३,१०९।(अक्षेरुपी तीनलाख त्रीसठीहजार एकसय नौ) हिसाव मिलान गर्नु पर्ने भएको र यस आर्थिक वर्षमा साना सिंचाई कार्यक्रमको विनियोजित जम्मा रकम रु.२०,३०,६००।(अक्षेरुपी वीसलाख तीसहजार छसय) भएकोमा साना सिंचाई योजनाहरुको लागि लागत अनुमान वमोजिमको रकम रु.१७,९७,७८३।(सत्रलाख सन्तानव्वेहजार सातसय तिरासी) मात्र भएकोले वाँकी रकम रु.२,३२,८१७। विनियोजित भएको साना सिंचाई शिर्षक अन्तर्गतवाट र वाँकी अपुग रकम रु.१,३०,२९२।(अक्षेरुपी एकलाख तीसहजार दुइसय वयानव्वे) समपुरक कोषवाट यस आ.व.मा सोधभर्ना दिने ।

प्रमुख प्रशासकीय अधिकृत 2081/10/24

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

०८१/१०/२४ अशोक राई अध्यक्ष

**निर्णय नं.३**

प्रस्ताव नं. ३ माथि छलफल भई राष्ट्रपति महिला सशक्तिकरण परियोजना तर्फ राष्ट्रपति महिला उत्थान जिविकापार्जन सुधार कार्यक्रम सञ्चालन गर्नको लागि जिविकोपार्जन सुधार कार्यक्रम संचालन सम्बन्धि मापदण्ड २०७७ वमोजिम कार्य गर्ने गरी तपशिल वमोजिमको संस्था छनौट गर्ने ।

तपशिल

| दर्ता मिति | सहकारी को नाम | ठेगाना | जम्मा रकम रु |
|---|---|---|---|
| ०६९/१/२१ | दुम्माना महिला वचत तथा ऋण सहकारी संस्था | आमचोक-९ | ८,९०,०००। |

**निर्णय नं.४**

प्रस्ताव नं. ४ माथि छलफल भई प्रदेश सरकार शसर्त अनुदान तर्फ कफि खेति प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्नको लागि स्थानीय तहमा विनियोजन सशर्त अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१ वमोजिम आमचोक गाउँपालिका भित्रका कृषक समुह ,कृषि फर्म र सहकारी संस्थाहरुलाई ५०% अनुदानमा संचालन गर्नको लागी तपशिल वमोजिमको संस्थाहरु छनौट गर्ने ।

| क्र.सं. | फर्म/समुह/सहकारी को नाम | ठेगाना | रकम रु. |
|---|---|---|---|
| १ | आमचोक चिया तथा कफि सहकारी संस्था | आमचोक-४ | २०००००। (दुइलाख) |
| २ | ओवोमा कृषक समुह | आमचोक-९ | २०००००। (दुइलाख) |
| ३ | बोखिमटार कृषि तथा पशुपालन कृषक समुह | आमचोक-९ | २०००००। (दुइलाख) |
| ४ | जल्पादेवी कृषि तथा पशुपालन फर्म | आमचोक-१० | २०००००। (दुइलाख) |
| ५ | आविष्कार कृषि तथा पशुपालन फर्म | आमचोक-१० | २०००००। (दुइलाख) |
| | जम्मा | | १०,००,०००।(दशलाख) |

**निर्णय नं.५**

प्रस्ताव नं. ५ माथि छलफल भई विपन्न, दलित, जनजाती र सिमान्तकृत महिलाहरुको लागि आर्थिक आत्मानिर्भर कार्यक्रम (सञ्चालन) प्रकृया २०८१ वमोजिम प्रदेश सरकार शसर्त अनुदानको रु.७,००,०००। र गाउँपालिकाको महिला उद्यम विकास कार्यक्रम शिर्षकको रु.३,००,०००। गरी जम्मा रु.१०,००,०००।(दशलाख) खर्च हुने गरी वडा नं. ८ मा आर्थिक आत्मानिर्भर कार्यक्रम सञ्चालन गर्ने ।

**निर्णय नं.६**

प्रस्ताव नं. ६ माथि छलफल भई गाउँपालिकाको सूचना नं १८ वमोजिम चिया खेति कार्यक्रम र कफि खेति कार्यक्रम सञ्चालन गर्नको लागि संस्था छनौटको लागि सूचना प्रकाशन गरिएकोमा श्रोतको अभावको कारण संस्था छनौट प्रकृया स्थगीत गर्ने ।

**निर्णय नं.७**

प्रस्ताव नं. ७ माथि छलफल भई सहकारी ऋण कोषको लागि गत वर्ष लगानी गरिएको साँवा व्यांज गरी जम्मा रु.६२,५८,०००। असुल गरी यस आ.व.मा विनियोजित रु.७,४२,०००। गरी जम्मा रु.७०,००,०००।(सत्तरी लाख) सहकारी ऋण कोष सञ्चालन कार्यविधि २०७७ वमोजिम सहकारी संस्थाहरुलाई ऋण लगानी गर्नको लागी २१ दिनको सूचना प्रकाशन गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत
२०८१/१०/२८

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बालंखा, भोजपुर २०७३

२०८१/१०/२८
अशोक राई
अध्यक्ष

**निर्णय नं.८**

प्रस्ताव नं. ८ माथि छलफल भई मिति २०८१/०८/२० मा आमचोक गाउँपालिका मुख्य सडक तथा शाखा सडक मर्मत कार्यको लागि आमचोक गाउँपालिकाको कार्यलय र गोपिकृष्ण कन्सट्रक्सन लाहानको बिच दुइ पक्षिय सम्झौता भइ काम भएको हुदाँ निर्माण व्यवसाय बाट बिल भुक्तानि माग गरिएकोमा प्राविधिक प्रतिवेदन/ मुल्यांकन वमोजिम तपशिल वमोजिमको रकम सडक मर्मत सम्भार कोषवाट भुक्तानी दिने ।

- सम्झौता रकमः रु. ९६३०८२।३६ मु.अ.क. सहित)
- बिल बाट आएको रकमः रु.८,४९,७४२।२४
- मु.अ.क (१३ %) : रु.१,१०,४६६।४९
- जम्मा रकम मु.अ.क. सहितः रु ९,६०,२०८।७३
- कन्टिनजेन्सि (३%) : रु.२८,८०६।२६
- जम्मा खर्च रकमः रु. ९,८९,०१४।९९
- अग्रिम आय कर (१.५%) :रु १२,७४६।१३
- अन्य कर : रु ३३,१३९।९४
- भुक्तानि हुने रकम : रु. ९,१४,३२२।६५

**निर्णय नं.९**

प्रस्ताव नं. ९ माथि छलफल भई आर्थिक वर्ष २०८०/८१ को आमचोक गाउँपालिकाको संस्थागत क्षमता स्वमूल्याङ्कन (LIZA) आजैको मितिमा स्वीकृत गरी जिल्ला समन्वय समिति भोजपुर पठाउने र जिल्ला समन्वय समितिवाट स्वीकृत भइ आए वमोजिम सार्वजनिक गर्ने ।

**निर्णय नं.१०**

प्रस्ताव नं. १० माथि छलफल भई आर्थिक वर्ष २०८०/८१ को स्थानीय तह वित्तिय सुशासन जोखिम मूल्याङ्कन (FRA) आजैको मितिमा स्वीकृत गरी जिल्ला समन्वय समिति भोजपुर पठाउने र जिल्ला समन्वय समितिवाट स्वीकृत भइ आए वमोजिम २०८१/१०/२९ भित्रमा सार्वजनिक गर्ने ।

**निर्णय नं.११**

प्रस्ताव नं. ११ माथि छलफल भई आमचोक गाउँपालिकालाई जग्गा दान गर्ने जग्गा दाताहरुको एकिन गरी मिति २०८१ चैत्र २२ गते शुक्रवारको दिन सम्मान गर्ने ।

**निर्णय नं.१२**

प्रस्ताव नं: १२ माथि छलफल भई मध्यकालिक खर्च संरचना तयारीको लागि विनियोजित वजेट रु.२०००००। मात्र रहेको र सो रकम नपुग हुने भएकोले नपुग रकम नेपाल सरकार राजश्व अनुदानको सेवा तथा परामर्श शिर्षकवाट रु.१०००००।(एकलाख) थप गर्ने ।

**निर्णय नं.१३**

प्रस्ताव नं. १३ माथि छलफल भई आर्थिक वर्ष २०८१/८२ को लागि पूर्वाधार विकास कार्यालय भोजपुर मार्फत कार्य गर्ने गरी आमचोक गाउँपालिका वडा नं ८ मा ऐसेलु खोला पक्की पुल निर्माणको लागि रु.५०,००,०००।(पचासलाख) वजेट विनियोजन भएकोमा हालसम्म पनि ठेक्का प्रकृया अगाडी नवढेको हँदा भौतिक पूर्वाधार मन्त्रालय,कोशी प्रदेशलाई श्रोत सुनिश्चितताको लागि अनुरोध गरि पठाउने ।

प्रमुख प्रशासकीय अधिकृत २०८१/१०/२४

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बालंखा, भोजपुर २०७३

अशोक राई अध्यक्ष २०८१/१०/२४

**निर्णय नं.१४**

प्रस्ताव नं. १४ माथि छलफल भई आमचोक ८ निवासी श्री मोहन राईलाई आमचोक वडा नं. ८ र ९ मा कर संकलन गर्नको लागि सहायत स्तर चौथो तह सरहव कार्य गरेको दिन दैनिक पारिश्रमिक दिने गरी काममा खटाउने ।

**निर्णय नं.१५**

प्रस्ताव नं. १५ माथि छलफल भई आवश्यक कागजात र वडा कार्यालयको सिफारिस वमोजिम तपशिल वमोजिमको व्यक्तिहरुलाई नेपाल सरकार राजश्व अनुदानको अन्य सहयता शिर्षकवाट आर्थिक सहायता उपलब्ध गराउने ।

क) आमचोक ३ निवासी श्री रमेश राईको छोरी वर्ष १४ को श्री सृष्टि राई दुर्घटनामा परी गम्भिर घाइते भइ आन्द्रामा २ वटा प्वाल परेकोले वी.पी.स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा उपचारत रहेकोले रु.२००००।(वीसहजार) आर्थिक सहायता दिने ।

ख) आमचोक १ निवासी वखते कामीको छोरी रीता विश्वकर्मा अल्सरको कारण लामो समयदेखि विरामी भएको र निजको आर्थिक अवस्था कमजोड भएकोले रु.१००००। (दशहजार) आर्थिक सहायता दिने ।

प्रमुख प्रशासकीय अधिकृत
२०८१/१०/२४

अशोक राई
अध्यक्ष